आज मिति २०७७/०१/१५ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्यज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १७ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |
| २१ | श्री लिल बहादुर राउत क्षेत्री | प्रमुख प्र. अधिकृत | बुद्धभूमि न.पा. | |

## मिति: २०७७।०१।१५ गतेको बुद्धभूमी नगरकार्यपालिका बैठकको निर्णयहरु :

**प्रस्ताव नं. १ : राहत वितरणको समिक्षा सम्वन्धमा ।**

निर्णय : कोरोना भाईरस (कोभिड-१९) रोगका कारण मिति २०७६।१२।११ देखि भएको लकडाउनवाट प्रभावित दैनिक ज्यालादारी गरी खाने श्रमजीवि बर्ग, असहायहकरु लाई लक्षित गरी यस नगरपालिकावाट सवै वडाहरुमा वितरण गरिएको राहत कार्यक्रमको समिक्षा गरियो । राहत सामाग्री खरिदको लागत मूल्य, क्वारेन्टाईन संचालन, वडा कार्यालय, स्वास्थ्य चौकी, नगरपालिका लगायत सवै क्षेत्रमा कोरोना भाईरस रोकथाम एवं नियन्त्रणका सम्वन्धमा गरिएका कार्यहरु र अवलम्वन गरिएका उपायहरुको सम्वन्धमा छलफल एवं समिक्षा गर्नुका साथै सो कार्यमा लागेको खर्च सम्वन्धमा छलफल र जानकारी भयो ।

**प्रस्ताव नं. २ : योजनाहरूको निर्माण कार्य सम्बन्धमा ।**

निर्णय : आ.व. २०७६/०७७ को बार्षिक स्वीकृत कार्यक्रमहरू सम्झौता भई कार्यान्वयन भई सम्पन्न भएका र बाँकी रहेका योजनाहरूको कार्यान्वयनको लागि प्राविधिक शाखामा समन्वय गरी अनुगमन, मूल्यांकन तथा भुक्तानीको प्रक्रियालाई अगाडी बढाउने निर्णय गरियो साथै योजना सम्झौता भएका लकडाउनको कारणले कार्यादेश नदिएका योजनाहरूको हकमा कार्यादेश दिई योजना सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : दोस्रो चरणको राहत वितरण सम्बन्धमा ।**

निर्णय नं : कोरोना भाईरस (कोभिड -१९) को महामारीवाट प्रभवित भएका श्रमजीवि मजदुर एवं असहायहरुका लागि दोस्रो चरणको राहत वितरण गर्न सवै वडाहरुमा राहत बैंक स्थापना गरि एकद्धार प्रणालीवाट निम्न प्रक्रिया अनुसार वितरण गर्ने ।

**तपशिल :**

क. लकडाउनका कारण प्रभावित वास्तविक सेवाग्राहीहरुको पहिचान वडास्तरमा रहेको राहत वितरण समन्वय समितिले गर्ने ।

ख. लकडाउनले पारेको प्रभावका कारण घरमा विहान बेलुकी खाना खान समस्या परेका घर परिवारलाई सूचना प्रवाह गरी आवेदन माग गर्ने र तत्काल घरमै गई छानवीन गरी वितरण गर्ने ।

ग. राहत प्राप्तीका लागि घरमै रहेका परिवारका सदस्यहरुलाई मात्र वितरण गर्ने ।

घ. राहत प्राप्त गर्ने सेवाग्राहीहरुको मानवीय र सामाजिक मूल्य मान्यतालाई दृटिगतगरी सम्पूर्ण तथ्यांक लिने र सोको सुरक्षित व्यवस्थापन गर्ने ।

ङ. कुनै ब्यक्ति संघ/संस्थावाट प्राप्त गरेको जिन्सी सामाग्रीको वडा कार्यालयले आम्दानी बाधी खर्च गर्नु पूर्व नगरपालिकामा जानकारी गराउने ।

च. हाललाई प्रथम चरणको राहत सामाग्री वितरणको आधारमा वडागत तथ्यांकको २५ प्रतिशत सामाग्री तपशिल अनुसार वडा राहत बैंकमा जम्मा गर्ने ।

**तपशिल :**

| सि न | खादान्न र सामान | वडा न १ | वडा न २ | वडा न ३ | वडा न ४ | वडा न ५ | वडा न ६ | वडा न ७ | वडा न ८ | वडा न ९ | वडा न १० | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चामल किलो | १९६९ | १४८० | ५०६.३ | १९१४ | १६१० | १७२८ | १८५५ | १३९५ | २२३४ | १९७८ | १६६६८ |
| २ | मशुरोको दाल किलो | १६७ | १२५.८ | ४४.७५ | १६० | १३०.८ | १४२ | १५०.८ | ११४.५ | १८२.३ | १५९.८ | १३७८ |
| ३ | शनफ्लावर तेल लिटर | १११.५ | ८२ | २७.७५ | १०८.३ | ८३ | ९८ | ९९.५ | ७६.५ | १२४ | १०६.५ | ९१७ |
| ४ | आयो नून किलो | १२९.८ | ९७.५ | ३३.५ | १२८.८ | १०२.८ | ११३ | १२० | ९२.२५ | १४६.८ | १२७.३ | १०९२ |
| ५ | नुहाउने सावुन न्यूनतम ६० ग्राम | २६९.५ | १९५ | ७१ | २४९ | १८८ | २११ | २१७.३ | १७२ | २८१ | २३६.५ | २०९१ |

... राउत क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

**प्रस्ताव नं. ४ : कर्मचारीहरुको सेवा सुविधा सम्वन्धमा ।**

निर्णय : कोरोना भाईरसको संक्रमण रोकथाम र नियन्त्रण कार्यमा क्वारेन्टाईनमा खटिएका स्वास्थ्यकर्मीहरु लागि रात्री सिफ्टमा खटिनेको लागि रु. १२००।०० र दिउँसोको सिफ्टमा खटिने कर्मचारीहरुको लागि रु. १०००।००, स्वास्थ्य चौकीमा खटिने अ.न.मी. र अ.हे.व.का लागि रु. ५००।०० र अन्य सहयोगी कर्मचारीको लागि रु. ३००।०० का दरले क्वारेन्टाईनमा खटिने कर्मचारीको सिफ्टका आधारमा खटिएको दिनको प्रोत्साहन भत्ता स्वरुप उपलब्ध गराउने, क्वारेन्टाईनमा खटिएको बखत एम्बुलेन्स चालकलाई रु. ५००।०० प्रति दिन र कोरोना नियन्त्रणको लागि किटनाशक औषधि छर्ने काममा खटिने कर्मचारीहरु तथा क्वारेन्टाईनमा खटिने अन्य सहयोगी कर्मचारीहरुलाई खटिएको दिनको खाना खाजा सहित रु. ३००।०० दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम सम्बन्धमा ।**

निर्णय : आ.व. २०७७/०७८ को लागि नगरपालिकाको नीति तथा कार्यक्रम सम्बन्धित शाखाबाट प्रस्तावित कार्यक्रम तयारीको लागि जानकारी गराउनुका साथै सबै वडाहरूबाट आगामी आ.ब. २०७७/०७८ को लागि योजना छनौट प्रक्रियाको लागि योजना तर्जुमाको प्रक्रिया सुचारू गरी अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : प्रकोप ब्यवस्थापन कोषमा सहयोग सम्वन्धमा ।**

निर्णय : कोरोना भाईरस (कोभिड -१९) नियन्त्रण तथा रोकथामका लागि नगरपालिकावाट संचालन गरिएका प्रकोपा व्यवस्थापन कोषमा सहयोग गर्ने सम्पूर्ण समाजसेवी ब्यक्ति संघ संस्थाहरुलाई धन्यवाद दिने र अन्य सहयोगी दाताहरुलाई सहयोगको लागि अनुरोध गर्ने निर्णय गरियो ।

तिल बहादुर रावत क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत

[illegible] कुमार श्रेष्ठ
नगर प्रमुख